# कनकाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
जामुनबाडी, झापा
१. नं. प्रदेश, नेपाल

पत्र सं :- २०७४।७५
चलानी नं : - २५८२

मिति : २०७४/१२/०२

विषय:-जानकारी तथा प्रचार प्रसार साथै आवश्यक सहयोग गरिदिने बारे ।

श्री वडा कार्यालय,
क.न.पा. वडा नं. - १ देखि ८ सम्म

प्रस्तुत विषयमा बि.एण्ड बि. अस्पतालको आयोजनामा जन्मदै ओठ तथा तालु फाटेकाहरुलाई निशुल्क शल्यक्रियाका लागि बिरामी छनौट शिवीर निम्न मिति,समय र स्थानमा सञ्चालन हुने भएकोले सो को जानकारी सम्पूर्ण वडाबासीमा सु-सुचीत गराई ओठ तथा तालु फाटेका बिरामी छनौट कार्यका लागि आवश्यक सहयोग गरिदिनु हुन अनुरोध छ ।

मिति:- २०७४।१२।०९
स्थान:- प्राथमिक स्वास्थ्य केन्द्र, सुरुङ्गा झापा ।
समय :- बिहान १०:०० बजे ।

..................
(देवेन्द्र कार्की)
प्रमुख प्रशासकिय अधिकृत
क.न.पा. झापा

5531930
5533206
5535739

# B. & B. Hospital (Pvt.) Ltd.

(ISO 9001 : 2008 Certified)
Gwarko, Lalitpur, Nepal

मिति : २०७४/१२/२ गते

दर्ता
२०७४/१२/०२

श्रीमान प्रमुख ज्यू,
कनकाई नगरपालिका झापा

विषय : जानकारी, प्रचार-प्रसार तथा स्थान उपलब्ध सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा बि. एण्ड बि. अस्पतालमा नियमित निःशुल्क रुपमा जन्मिदै ओठ तथा तालु फाटेकाहरुलाई प्लाष्टिक सर्जरी (शल्यक्रिया) सेवाहरुका लागि विभिन्न जिल्लाहरुमा निःशुल्क छनौट शिविर संचालन गर्दै आईरहेको व्यहोरा जानकारी गराउँदछौं । साथै तल उल्लेखित मिति, समय र स्थानमा निःशुल्क प्लाष्टिक सर्जरी (शल्यक्रिया) सेवाको लागि बिरामी छनौट शिविर सञ्चालन गर्नेको निमित्त स्थान उपलब्ध गराई शिविर संचालनमा सहयोग पुर्‍याइदिनुहुन विनम्र अनुरोध गर्दछौं । सो बारेमा त्यस कार्यालय मातहतका सम्पूर्ण निकायहरु र स्थानीय समुदायमा सू सूचीत गराई प्रेपण कार्यको लागि सहयोग पुर्‍याइ दिनुहुन हार्दिक अनुरोध गर्दछौं । छनौट भएका बिरामीलाई तत्काल काठमाण्डौं स्थित बि एण्ड बि अस्पताल ललितपुरमा निःशुल्क प्लाष्टिक सर्जरी (शल्यक्रिया) सेवाको लागि लगिने छ ।

| मिति | स्थान |
|---|---|
| १) २०७४/१२/०९ : -बिहान : १०:०० बजे | १) बुधबारे प्राथमिक स्वास्थ्य केन्द्र, बुधबारे (झापा) |

**पाउने सुविधाहरु :**

१) बिरामीको आउने जाने भाडा र बाटोको खाना
२) बिरामी र एक जना कुरुवाको काठमाण्डौंमा बस्ने र खाने खर्च
३) बिरामीको सम्पूर्ण जँचहरुको खर्च
४) बिरामीको सर्जरी (शल्यक्रिया)
५) बिरामीको औषधि

B. & B. HOSPITAL (PVT.) LTD. Satdobato Gwarko Estd. 2054 LALITPUR

कार्यक्रम व्यबस्थापक
डा. महेन्द्र महर्जन
बि एण्ड बि अस्पताल
प्लाष्टिक, कस्मेटिक एण्ड म्यक्जिलोफेसियल सर्जरी
ग्वार्को ललितपुर ।

B&B Hospital, Pvt. Ltd., Gwarko, Lalitpur, P.O. Box: 2481, Ph: 977-1-5531933, Fax: 977-1-5528526, E-mail: bbhospital@wlink.com.np
Web: www.bbhospital.com.np